प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

## मिति २०७७/८/२१ गतेको सचिव बैठकका निर्णयहरु-

१. प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७/५/२२ को बैठकबाट "नेपालको संविधान, प्रदेश सरकार (कार्यविभाजन) नियमावलीद्वारा प्रदत्त क्षेत्राधिकारभित्र रही सबै मन्त्रालयहरुले आ-आफ्नो मन्त्रालय सम्बद्ध नीति, योजना तथा मापदण्डहरु लगायतका आवश्यक कानूनहरुको मस्यौदा मिति २०७७ साल पुस मसान्तभित्र तयार गरी स्वीकृतिका लागि पेश गर्ने" भन्ने निर्णय भएको हुँदा सोही समयावधी भित्र अनिवार्य रुपमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पेश गर्ने। साथै आ-आफ्नो मन्त्रालयसँग सम्बन्धित नीति, कार्यविधि, निर्देशिका लगायतका हालसम्मका सबै कानून जानकारीका लागि प्रदेश सभा सचिवालयमा पठाउने ।

२. आ-आफ्नो मन्त्रालय र मातहतका निकायमा रहेका कार्यक्रमहरु कार्यान्वयनमा प्रभावकारिता ल्याउन सबै मन्त्रालयहरुले कार्यक्रम संचालन कार्यविधि तयार गरी लागु गर्ने ।

३. सबै मन्त्रालयहरुले आ-आफ्नो मन्त्रालय र मातहतका निकायमा रहेका सरकारी सवारी साधनहरुको विवरण अद्यावधिक राख्ने, कार्यालयको समग्र व्यवस्थापन र सरसफाईमा ध्यान दिने ।

४. मिति २०७७/६/७ को प्रदेश सरकार (म.प.) को निर्णयानुसार व्याँस गाउँपालिका विशेष कार्यक्रम अन्तर्गत विभिन्न मन्त्रालयहरुमा विनियोजित बजेटलाई तोकिएको क्षेत्र/क्रियाकलापहरुमा समयमै खर्च गरी प्रगति हासिल गर्ने तर्फ सबै मन्त्रालयहरुले विशेष जोड दिने ।

५. माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७७/८/१४ गते बसेको आ.व. २०७७/०७८ को प्रथम चौमासिक समीक्षा बैठकबाट "यस प्रदेशबाट प्रदेश सेवा विभुषण/पदक प्रदान गर्ने कार्यका लागि आवश्यक कानूनको मस्यौदा आन्तरिक मामिला तथा कानून मन्त्रालयले १ महिनाभित्र तयार गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने" निर्णय भएकोले सो सम्बन्धमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले आवश्यक कारवाही अगाडि बढाउने ।

६. सबै मन्त्रालयहरुले आ.व. २०७५/०७६ को म.ले.प. को लेखापरीक्षण प्रतिवेदनबाट औंल्याईएको बेरुजु फर्छ्यौट गर्ने र गत आ.व. २०७६/०७७ को म.ले.प.को लेखापरीक्षण कार्यका लागि आवश्यक पूर्वतयारी गर्ने ।

७. यस प्रदेशको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) को कार्य नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) ले गरिराखेको र सोही क्रममा NASC ले प्रदेश मन्त्रालयहरु सँग भर्चुअल बैठक पनि गरिसकेको सन्दर्भमा उक्त O & M सम्बन्धी कार्यको अन्तिम प्रतिवेदन तयार हुनुपूर्व नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) लाई दिनुपर्ने सुझावहरु सबै मन्त्रालयहरुले लिखित रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने ।

८. प्रदेश मन्त्रालयहरुले आफ्नो अधिकारक्षेत्र भित्र रही विभिन्न महत्वपूर्ण निर्णयहरु गर्दा वा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्ध र सरोकार राख्ने क्षेत्र/विषयसँग सम्बन्धित निर्णयहरु गर्दा उक्त निर्णयको बोधार्थ जानकारी अनिवार्य रुपमा यस कार्यालयलाई गर्ने, गराउने ।

९. नेपाल सरकारद्वारा जारी गरिएको सार्वजनिक खर्चमा मितव्ययिता कायम ~~कायम~~, गर्ने सम्बन्धी मापदण्ड, २०७७ को कार्यान्वयन गर्ने, गराउने ।

२०७७/८/२१

प्रमुख सचिव